श्री ५ को सरकार

# अर्थ मन्त्रालय

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकार खानी तथा भूगर्भ विभाग र जापान इन्टरनेशनल को-अपरेशन एजेन्सी (जाइका) बीच भएको अनुदान सहायता अन्तर्गत सञ्चालित प्राकृतिक ग्याँस खोजी कार्यको लागि जापान सरकारबाट अनुदान सहायतामा प्राप्त हुने निम्नलिखित सामानहरूको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

माल सामानका विवरण

1. Spare parts for KOKEN Model "MG-5" Drilling Mud pump.
2. Equipment for Gas Production.
3. Equipment for Gas Storage.
4. Accessory for pipe line.
5, Gas utensil and accessory.
6. Special tools.
7. Necessary tools and spare parts for Gas plant, Governer unit, and in-house installation equipments for supplying Gas.

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यबाट निर्यात हुने वनकस (सावै-घाँस) मा लागिआएको निर्यात भन्सार महसूल प्रति क्विण्टल रू. १०।– दश रूपैयाँबाट घटाई रू. ४।– चार रूपैयाँ मात्र लिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४९४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।